वैठक संख्या :- १२९
मिति : - २०७९/१०।२८
समय :- विहान ११ : ०० वजे शनिवार

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यु को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यापालिकाको वैठक वस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण वहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण वहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिपक वहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामवहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमवहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव ( प्र.प्र.अ.) |

प्रस्तावहरु

१. ढुङ्गा , वालुवा र गिट्टि ठेक्का

२. सिन्धुली गढी युद्ध सङग्रालय पसल भाडा सम्बन्धमा

३. दहत्त, बहत्तर राजश्व सकलन प्रोत्साहान तथा जरिवाना सम्बन्धमा

निर्णय न १ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७५ अनुसार तपशिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी यस अघि तीन पटकसम्म ठेक्का सूचना प्रकाशित भएपनि बुका खोला र गडौली खेला मात्र ठेक्का बन्दोबस्त भएको र बाँकी IEE भएका तपसिलका प्याकेजमा विभाजन गरी खोला तथा नदीहरुको उत्खनन् परिमाणको बाँकी अवधि जेष्ठ मसान्त सम्मको लागि बाँकी अवधि १०६ दिनलाइ आधार मानि पुन चौथो पटक सात दिनको सूचना आह्वान गर्ने निर्णय गरियो । सात दिनको सूचना आह्वान गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयको इविडिङ्गमार्फत ठेक्का बन्दोबस्त गर्न नसकिने भएकाले कार्यालयले ठेक्का कागजात तयार गरी म्यानुअल प्रणाली बाटै ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउँने परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | १/०७९/८० | कमला नदी (करकरे देखि भिमान खण्ड सम्मको IEE ले तोकेको क्षेत्र) | ६०४२।- | १९,१८,४५६।- |
| २ | २क/०७९/८० | कमला नदी ( रानीवास चन्दनपुर १-३ खण्ड IEE ले तोकेको क्षेत्र) | ९४३४।- | २९,९५,४८४ ।— |
| ३ | २ख/०७९।८० | कमला नदी ( रानीवास चन्दनपुर ३-६ खण्ड IEE ले तोकेको क्षेत्र) | ८०५६।- | २५,५७,९४२ ।— |
| ४ | ३/०७९/८० | मरिण खोला ( Quarry Site १ देखि Quarry Site ६ सम्म IEE ले तोकेको क्षेत्र) | १५०५२।- | ४७,७९,३१२ ।— |
| ५ | ४/०७९/८० | ग्वाङ खोला ( Quarry Site १ देखि Quarry Site ४ सम्म IEE ले तोकेको क्षेत्र) | ४७७०।- | १५,१४,५७० ।— |
| ६ | ५/०७९/८० | धमिले खोला ( Quarry Site १ देखि Quarry Site ३ सम्म IEE ले तोकेको क्षेत्र) | २५४४।- | ८,०७,७७१ ।— |

| | | | | |
|---|---|---|---|---|
| ७ | ६/०७९/८० | जिर्घा खोला ( Quarry Site १ IEE ले तोकेको क्षेत्र) | १४८४ | ४,७१,२०० ।— |

निर्णय नं. २ : सिन्धुलीगढी युद्ध संग्रहालयमा सौगात पसल (Souvenir Shop) नगरपालिकाले भाडामा लगाएकोमा भाडामा लिने कमलामाई नगरपालिका वडा नं २ निवासी प्रकाश कुमार कार्कीले ४ महिनासम्म पसल संचालन गरी सो पछि पसल बन्द गरेको र सम्झौता रद्द गरी पाउँ भनि मितिः २०७९ साल पौष ६ गते निवेदन पेश गरेकाले निजले कमलामाई नगरपालिकालाई ४ महिना को रकम बुझाउनु पर्ने भाडा वापतको रकम रु. ४०४०००। ( चाल लाख चार हजार मात्र । ) हुन आउने र नियमित किस्ता नबुझाएकोले सम्झौता अनुसार २ % (प्रतिशत) जरिवाना बापत रु.८०८०।- ( आठ हजार असी मात्र ।) गरी कुल रु.४,१२,०८०।- ( चार लाख बार हजार असी मात्र । ) नगरपालिकालाई बुझाउन बाँकी रहेको रकम धरौटी बापत निजले राखेको रु.४०००००।- ( चार लाख मात्र । ) धरौटी जफत गरि नपुग रकम रु.१२०८०।- ( बार हजार असी मात्र । ) दाखिलाका लागि पत्राचार गर्ने र निज सँग गरिएको ठेक्का सम्झौता रद्ध गरि सोको जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ३ : कमलामाई नगरपालिका क्षेत्रभित्रका प्रारम्भिक वातावरणीय परीक्षण भएका खोलाहरुको नदीजन्य (ढुंङ्गा, गिट्टी , बालुवा) पदार्थहरुको संकलन तथा बिक्री गर्ने कार्यका लागि आर्थिक वर्ष २०७९/८० मा ठेक्का नलागेको क्षेत्रहरुको अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरिएको अवस्थामा त्यस कार्यमा संलग्न सवारी साधनलाई नियन्त्रणमा लिएर कारवाहीको लागि नगरपालिकाको सम्वन्धित वडा कार्यालय वा नगरपालिका केन्द्रमा बुझाएको अवस्थामा वडा कार्यालय तथा नगरपालिका द्धारा ती सवारी साधनलाई कानून बमोजिम गरिएको जरिवाना रकमको २० % प्रतिशत रकम प्रोत्साहन स्वंरुप सुरक्षा निकाय/सुरक्षाकमी र नगार प्रहरीलाई उपलब्ध गराउने निर्णय गरियो ।